www.a2zSubjects.com

# PAPER-III
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ______________________
   (Name) ______________________
2. (Signature) ______________________
   (Name) ______________________

OMR Sheet No. : ..........................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.______________________________
(In words)

| J | 3 | 4 | 1 | 6 |
|---|---|---|---|---|

Time : 2 1/2 hours] [Maximum Marks : **150**

Number of Pages in this Booklet : **16** Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** ① ② ● ④
   where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Black Ball point pen provided by C.B.S.E.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है :
   **उदाहरण :** ① ② ● ④
   जबकि (3) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल C.B.S.E. द्वारा प्रदान किये गये काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**



www.a2zSubjects.com

www.a2zSubjects.com

# NEPALI
# नेपाली
## PAPER – III
## प्रश्नपत्र – III

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are compulsory.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्न अनिवार्य छन् ।

**1.** काव्य र साहित्यविद्यालाई दम्पतीका रूपमा कल्पना गरेर रूपकात्मक शैलीमा काव्यशास्त्रीय ग्रन्थ लेख्ने आचार्य को हुन् ?

(1) जगन्नाथ ।
(2) रूय्यक ।
(3) अग्निपुराणकार ।
(4) राजशेखर ।

**2.** परा, पश्यन्ती, मध्यमा र वैखरी भनेका के हुन् ?

(1) नादका चार अवस्था ।
(2) लयका चार अवस्था ।
(3) ध्वनिका चार अवस्था ।
(4) शब्द-शक्तिका चार अवस्था ।

**3.** आग्नेय स्रोतबाट संस्कृतले ग्रहण गरेका शब्द कुन हुन् ?

(1) कार्पास, लवङ्ग, शृंङ्गार, ताम्बूल ।
(2) कुण्ड, दण्ड, कमल, खल ।
(3) यवनिका, सुरुङ, होडा, यवन ।
(4) कोण, चतुर, चन्दन, मुकुट ।

**4.** पारसमणि प्रधानद्वारा सम्पादित 'लोकगीत' शीर्षक ग्रन्थमा सङ्कलित अङ्ग्रेजीबाट नेपालीमा अनूदित 'सङ्गीतमय नेपाल' शीर्षक लेखका मूल लेखक को हुन् ?

(1) राहुल सांकृत्यायन ।
(2) देवेन्द्र सत्यार्थी ।
(3) जी डब्लु पी मोने ।
(4) माइकल हट ।

**5.** बालचरित्रप्रधान प्राय:नेपाली कथाहरूमा पशु-पन्छीहरू पनि रहेका पाइन्छन् । त्यस्ता कथामा ती पशु-पन्छीको साधारणत: कस्तो प्रयोगगत प्रकार्य रहेको हुन्छ ?

(1) आद्यरूप पात्र ।
(2) उत्तेजक तत्त्व ।
(3) विकर्षक तत्त्व ।
(4) विपरीत पात्र ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**6.** तलका कुन-कुन कृतिमा नोटबारे वर्णन गरिएको छ ?

(क) तीस रुपियाँ नोट

(ख) शरण

(ग) दुई रुपियाँ नोट

(घ) सपना शक्ति

(1) (क), (ख), (घ) ।

(2) (ख) (ग), (घ) ।

(3) (क), (ग), (घ) ।

(4) (क), (ख), (ग) ।

**7.** 'यो पश्चिम नेपालतिर प्रचलित शोकगीत हो, यो मलामी जाँदा गाइन्छ अनि यसलाई चाँचर पनि भनिन्छ ।' – यो कुन गीत हो ?

(1) आशिका ।

(2) सगुन ।

(3) करात ।

(4) भोलाउलो ।

**8.** "यिनको दर्शन जहाँ पनि दारिद्रमा आधारित छ । यिनी गरीब थिए, त्यसको मार खाए का थिए । यिनको वियोग-वेदना भए पनि हृदय डढेको थिएन, यिनले प्रेमले छटपटिएको अनुभूति पाएका थिएनन्, त्यसैले प्रेमाशक्तिमा भिजेको आँसुको दर्शन गर्ने खूबी हामी यिनमा पाउँदैनौँ ।"

– यो मन्तव्य कुन कवि वा लेखकका विषयमा कसले प्रकट गरेका हुन् ?

(1) लेखनाथ पौड्यालबारे चूडानाथ भट्टराई ।

(2) देवकोटाका विषयमा रत्नध्वज जोशी ।

(3) समका विषयमा केशवप्रसाद उपाध्याय ।

(4) ओकिउयामा ग्वाइनका विषयमा कुमार प्रधान ।

**9.** पाश्चात्य काव्यशास्त्रमा प्रयुक्त प्राचीन ग्रिसेली शब्दहरूको मूल रूप खुट्ट्याउनु होस् ।

| | | | |
|---|---|---|---|
| (क) | साहित्य | (i) | पोएतेस |
| (ख) | साहित्यकार | (ii) | पोएमा |
| (ग) | समालोचक | (iii) | पोएतिकेस |
| (घ) | साहित्यशास्त्र | (iv) | क्रितिकोस |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (iv) | (i) | (ii) | (iii) |
| (2) | (iii) | (iv) | (i) | (ii) |
| (3) | (ii) | (i) | (iv) | (iii) |
| (4) | (iv) | (iii) | (ii) | (i) |



www.a2zSubjects.com

www.a2zSubjects.com

**10.** "विलासको लालस दास छैन म
मिठो छ मेरो रसिलो परिश्रम ।"
– यस पद्यमा कुन छन्द पाइन्छ ?

(1) वसन्ततिलका । (2) मालभारिणी ।
(3) स्रग्विणी । (4) वंशस्थ ।

**11.** आचार्य जगन्नाथअनुसार शब्दका शक्ति के के हुन् ?

(1) केवलावयव, केवलसमुदाय, समुदायावयव ।
(2) सहज, श्लिष्ट, विचित्र ।
(3) प्रकृत, व्याकृत, विशिष्ट ।
(4) वाच्य, वक्र, इतरेतर ।

**12.** तलका समूह 'क' अनि समूह 'ख'-मा रहेका लेखक र तिनका कृति चिन्नुहोस् अनि निदिष्ट स्थानमा चिह्न लगाउनुहोस् -

| | **'क'** | | **'ख'** |
|---|---|---|---|
| (क) | नेपाली उखान र गाउँखाने कथा | (i) | गङ्गाप्रसाद प्रधान |
| (ख) | गाउँखाने कथा | (ii) | रामचन्द्र ढुङ्गाना |
| (ग) | नेपाली उखान्को पोस्तक् | (iii) | रामकुमार पाँडे |
| (घ) | उखानको बखान | (iv) | कृष्ण प्रसाद पराजुली |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iv) | (i) | (iii) |
| (2) | (iv) | (i) | (ii) | (iii) |
| (3) | (iii) | (i) | (iv) | (ii) |
| (4) | (iv) | (iii) | (i) | (ii) |

**13.** मानिसको चरित्रलाई उत्पादक (प्रोडक्टिभ), अनुत्पादक (ननप्रोडक्टिभ), ग्राहक (रिसेप्टिभ), स्वार्थी (एक्सप्ल्वाइटेटिभ), सङ्ग्रही (होर्डिङ) र विध्वंसात्मक (नेक्रोफिलस) गरी छ प्रकारमा विभाजन गर्ने फ्रायडपछिका मनोविश्लेषक को हुन् ?

(1) एडलर । (2) युङ्ग ।
(3) करेन हर्नी । (4) एरिक फ्रम ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**14.** "कलाको वैशिष्टय ढुङ्गालाई अझ बढी ढुङ्गिलो अनुभूत गराउनु हो" भन्ने मन्तव्य कसले प्रकट गरेका हुन् ?

(1) बेनेदित्तो क्रोचे ।
(2) आई ए रिचर्ड्स ।
(3) टी एस इलियट ।
(4) भिक्टर स्क्लोव्स्की ।

**15.** सन्तकवि शशिधरले चोखो नेपाली भाषामा लेखेको गद्य कृति कुन हो ?

(1) अजपगीता ।
(2) वैराग्यांबर ।
(3) ज्ञानगादी ।
(4) तत्त्वगीता ।

**16.** आख्यानमा रहने गतिका प्रकार के के हुन् ?

(1) द्रुत, मन्द्र, तरङ्ग र अनुप्रस्थ ।
(2) दृढ, शिथिल, उदात्त र अनुदात्त ।
(3) लोप, सार, दृश्य र यति ।
(4) तीव्र, खण्डित, अखण्ड र दृश्य ।

**17.** कुन लोकगीत कुन वर्गमा पर्छ ?

| | | | |
|---|---|---|---|
| (क) | धमारी, भोलाउलो, पडेली | (i) | संस्कारगीत |
| (ख) | मालसिरी, सराएँ, गौरा | (ii) | धार्मिक गीत |
| (ग) | गोडेलो, सिमलचरी, निंदरी | (iii) | पर्व गीत |
| (घ) | माँगल, करात, सगुन | (iv) | श्रम गीत |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iii) | (iv) | (i) |
| (2) | (iii) | (iv) | (i) | (ii) |
| (3) | (iv) | (i) | (ii) | (iii) |
| (4) | (ii) | (iv) | (i) | (iii) |

**18.** "मेरा विचारमा त उपदेश प्रसार गर्ने 'उपदेश-सहस्त्री'र जाँड जुवा र जारीको मनोवैज्ञानिक अध्ययनरहित निन्दा मात्र गर्ने, तीजमा घिउ नखाऊ, दसैँमा मासु नखाऊ भनेर अर्थनीति घोकाउने कविता पो क्षयोन्मुखी कविता हुन् ?"
– यस्तो मन्तव्य कुन लेखकले प्रकट गरेका हुन् ?

(1) रामकृष्ण शर्मा ।
(2) यदुनाथ खनाल ।
(3) कृष्णचन्द्रसिंह प्रधान ।
(4) केशवप्रसाद उपाध्याय ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**19.** "चौरस्ताको एक कुनामा
आगो ताप्दै अतीत उग्राउँछन्
फाटेका ओभरकोटहरू"

– यस काव्यांशमा 'ओभरकोटहरू' शब्दको अर्थ कुन शब्दशक्तिद्वारा बोध हुन्छ ?

(1) अजहल्लक्षणा ।
(2) जहल्लक्षणा ।
(3) योग अभिधा ।
(4) आर्थी व्यञ्जना ।

**20.** तलका समूह 'क' र समूह 'ख'मा भएका लेखक र तिनका कृति चिनेर निर्दिष्ट ढाउँमा चिह्नित गर्नुहोस् ।

| | **समूह 'क'** | | **समूह 'ख'** |
|---|---|---|---|
| (क) | भवानीदत्त पाँडे | (i) | राजधर्म |
| (ख) | उदयानन्द अर्ज्याल | (ii) | हनुमन्नाटक भाषा |
| (ग) | भैरव सिं | (iii) | हितोपदेश मित्रलाभ |
| (घ) | ललितत्रिपुरसुन्दरी | (iv) | दशकुमारचरित |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iv) | (i) | (iii) |
| (2) | (iv) | (i) | (ii) | (iii) |
| (3) | (iii) | (iv) | (ii) | (i) |
| (4) | (iii) | (i) | (iv) | (ii) |

**21.** मानक सिद्धान्तका प्रमुख घटक के के हुन् ?

(1) ध्वनितात्त्विक, रूपतात्त्विक र शाब्दिक ।
(2) वार्णिक, शाब्दिक र अर्थतात्त्विक ।
(3) शाब्दिक, वाक्यात्मक र अर्थतात्त्विक ।
(4) वाक्यात्मक, अर्थतात्त्विक र वार्णिक ।

**22.** बालकृष्ण समकृत 'मेरो कविताको आराधन' कुन किसिमको कृति हो ?

(1) काव्य ।
(2) नियात्रा ।
(3) चम्पू ।
(4) प्रबन्ध ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**23.** तल दिइएका उपन्यासहरूको कुनचाहिँ नामोल्लेख कालक्रमअनुसार रहेको छ ?

(1) लङ्गडाको साथी, लगन, बसाइँ, वरको भोको भूत ।

(2) बसाइँ, लगन, लङ्गडाको साथी, वरको भोको भूत ।

(3) लगन, लङ्गडाको साथी, बसाइँ, वरको भोको भूत ।

(4) वरको भोको भूत, बसाइँ, लङ्गडाको साथी, लगन ।

**24.** कथा वा उपन्यासमा कुनै घटना पढ्न लाग्ने समय र त्यसको पृष्ठगत विस्तारलाई इतिवृत्तशास्त्रीय शब्दावलीमा के भनिन्छ ?

(1) कथासमय । (2) सङ्कथनसमय ।

(3) पाठसमय । (4) इतिवृत्तसमय ।

**25.** "अघाएको भन्छ डाँडापारि खाऊँ
भोकाएको भन्छ डाँडावारि खाउँ ।"

– यस उखानको वाक्यात्मक संरचना कस्तो छ ?

(1) समानाधिकरणमूलक । (2) विपर्ययमूलक ।

(3) पुनःपौन्यमूलक । (4) समानान्तर ।

**26.** 'यौन-भेद श्रम-विभाजनबाहेक अरू केही होइन' भन्ने मान्यता कस्तो हो ?

(1) लकाँको मनोविश्लेषण सिद्धान्त । (2) उत्तरआधुनिकतावाद ।

(3) नारीवाद । (4) नवमानववाद ।

"लाऊँ एक कुलो यही विषयको नेपाली-छाती-विषे
भन्ने भाव लिएर वीर-बलमा चुच्चो तिखारी बसेँ ।"

**27.** – माथिको पद्यांश कुन कृतिबाट निकालिएको हो ?

(1) पृथ्वीराज चौहान । (2) सुलोचना ।

(3) शाकुन्तल । (4) महाराणा प्रताप ।

**28.** विषयको सन्दर्भअनुसार माथिको पद्यांशमा पाइने 'चुच्चो तिखारी बसेँ' पदावलीले केलाई सङ्केत गर्छ ?

(1) चराको चुच्चो । (2) कलम समात्नु ।

(3) मुख चलाउनु । (4) घोच्ने किसिमको कुनै वस्तु समात्नु ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**29.** तलको कुनचाहिँ कृति थिङको हो ?

(1) हस्ताक्षर ।
(2) नार्सिसस ।
(3) महानिशा ।
(4) खण्ड-अखण्ड ।

**30.** "यो कथा सत्य र असत्यको तराजुमा नजोखिने एउटा वृतान्त हो । यसको महत्त्व पौराणिक छ, सङ्केतमय, प्रतीकात्मक ।" – कुन कृतिका विषयमा लेखक स्वयंले यसो भनेका हुन् ?

(1) प्रह्लाद ।
(2) नरसिंह अवतार ।
(3) अलिखित ।
(4) सुम्निमा ।

**31.** सहलेखनबाट तयार गरिएको नेपाली भाषाको पहिलो उपन्यास कुन हो ?

(1) ध्रुवसापकोटा, बेञ्जु शर्मा र ध्रुवचन्द्र गौतमको 'देहमुक्त' ।
(2) शरद् छेत्री र गुप्त प्रधानको 'विस्थापन' ।
(3) टुकराज पद्मराज मिश्रको 'रजबन्धकी' ।
(4) ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको 'ज्यागा' ।

**32.** 'प्रमिथस' महाकाव्यमा पितृघाती क्रोनोस र उनकै पुत्र जिउसमाझ भएको भीषण सङ्ग्राममा विजयी जिउसलाई मूलत: कसको सहयोग रहेको थियो ?

(1) लाइओस ।
(2) ओडिपस ।
(3) युरानस ।
(4) प्रमिथस ।

**33.** "अजङ्ग गर्जना गरी प्रचण्ड भै नृसिंहले
उजण्ड बाहुदण्डको अखण्ड तीक्ष्ण अग्रले
घमण्ड आदि-दैत्यको उडाइ खण्ड खण्डमा
पटक्क छाति फोडियो, बढ्यो खुशी त्रिलोकमा ।"
– यस श्लोकमा कुन रस परेको छ ?

(1) वीर ।
(2) रौद्र ।
(3) भयानक ।
(4) वीभत्स ।

**34.** 'ट्याग्मिम' शब्दको सर्वप्रथम प्रयोग कसले गरेका हुन् ?

(1) ल्योनार्द ब्लुमफिल्ड ।
(2) फर्दिनान्द दी सस्युर ।
(3) सी एफ हकेट ।
(4) के एल पाइक ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**35.** ‘साहित्यको फुटबल’ कविताका कवि को हुन् ?

(1) धरणीधर कोइराला ।
(2) महानन्द सापकोटा ।
(3) पुष्पलाल उपाध्याय ।
(4) लेखनाथ पौड्याल ।

“संकट पर्दछ मानिसलाई, ढुंगालाई के पर्दछ !
असिना आई फुलबारीकै फुलहरू पहिले झार्छ !!”

**36.** – माथिको पद्यांशका कवि को हुन् ?

(1) बालकृष्ण सम ।
(2) सिद्धिचरण श्रेष्ठ ।
(3) नीरविक्रम प्यासी ।
(4) केदारमान व्यथित ।

**37.** माथिको पद्यांशमा कुन काव्यिक तत्त्व प्रमुख छ ?

(1) भाव र अवस्थाको मुख्य आरोप ।
(2) वस्तुको उपस्थिति ।
(3) अर्थको सम्बन्ध ।
(4) लक्षणा ।

**38.** दोष प्रकरणका सन्दर्भमा व्याकरणका नियम विरुद्ध अशुद्ध पद प्रयोग गरिएका खण्डमा त्यो कस्तो दोष मानिन्छ ?

(1) विरुद्धमतिकारिता ।
(2) निहतार्थता ।
(3) नेयार्थता ।
(4) च्युतसंस्कृति ।

**39.** त्यो लाललाल रङ्गको कुन वस्तु हो रे !
सूर्यास्त हो, थकित सूर्य गिरिरहेको !
सूर्यास्त होइन उता अघि नै लुकेको !
त्यो अग्नि हो कि त गुराँस फुलिरहेको !
– यस श्लोकमा कुन अलङ्कार परेको छ ?

(1) व्यतिरेक ।
(2) अतिशयोक्ति ।
(3) अपन्हुति ।
(4) विरोधाभास ।

**40.** संयुक्त क्रियापदको मेरु केलाई भनिन्छ ?

(1) पदभित्रको पहिलो वा मुख्य क्रिया ।
(2) पदको अन्त्यमा आउने क्रिया ।
(3) पदका बिचमा रहेको क्रिया ।
(4) मुख्य धातुमा लागेको कालसूचक प्रत्यय ।



www.a2zSubjects.com

www.a2zSubjects.com

41. ज्याँ पियाजेअनुसार कृतिगत संरचनाका अन्योन्याश्रयमूलक तीनवटा विशेषता के के हुन् ?
(1) वस्तु, भाषा र शैली ।
(2) आधार, आधेय र अभिधान
(3) समग्रता, सजीवता र स्वानुशासितता ।
(4) सङ्केतक, सङ्केतित र सङ्केत ।

42. साहित्येतिहासकार यज्ञराज सत्यालले माध्यमिककालीन नेपाली साहित्यमा 'परिमार्जित गद्यको ढुकुटी' मानेको पुस्तक कुन हो ?
(1) मोतीराम भट्टको 'भानुभक्ताचार्यको जीवनी' ।
(2) चिरञ्जीवी पौड्यालको 'आफ्नु कथा' ।
(3) दुर्गादेवी आ दी-को 'भार्याकर्त्तव्य' ।
(4) हरिहर आ दी-को 'विदुला पुत्र सम्वाद' ।

43. 'असत्यं अशिवं असुन्दरम्' नाटक कसले लेखेका हुन् ?
(1) मोहनराज शर्मा ।
(2) अशेष मल्ल ।
(3) मनबहादुर मुखिया ।
(4) अविनाश श्रेष्ठ ।

44. 'मानिसको अनुभवमा सङ्गालिएको गुलाफको फूल कुनै प्राकृतिक वस्तुको छाप, छवि वा साँच्चैको गुलाफ होइन, गुलाफको झल्को मात्र हो ।'
– यो कसको विचार हो ?
(1) प्लेटो ।
(2) कान्ट ।
(3) लन्जाइनस ।
(4) एरिस्टोटल ।

45. यी शब्दमध्ये कुनचाहिँमा अयादि स्वर-सन्धि पाइन्छ ?
(1) अयन ।
(2) सयल ।
(3) पयर ।
(4) चलन ।

46. "साहित्यलाई सौन्दर्यशास्त्रभन्दा आचारशास्त्रकै अधीनमा राखेर नियालिनुपर्छ" भन्ने तर्क कुन विचारधाराको मूल स्थापना हो ?
(1) नवएरिस्टोटलवाद ।
(2) परिष्कारवाद ।
(3) नवमानववाद ।
(4) संरचनावाद ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**47.** तलका मध्ये कुन कथन सही हो ?

(क) अरस्तुको दुःखान्तक-सङ्गठनमा विचार तत्त्वको स्थान कथावस्तु र चरित्रचित्रणपछि देखापर्छ ।

(ख) दुःखान्तकमा लय, सामञ्जस्य र गीतको अनुपस्थिति हुन्छ ।

(ग) अरस्तुले दृश्यविधानलाई दुःखान्तकको वाह्य प्रसाधन ठानेका छन् ।

(घ) अरस्तुले दुःखान्तकको पदावलीका सम्बन्धमा विस्तृत विवेचना गरेका छैनन् ।

(1) (क), (ख), (ग) ।

(2) (क), (ग), (घ) ।

(3) (क), (ख), (घ) ।

(4) (ख), (ग), (घ) ।

**48.** 'मोती मण्डली' का मोतीराम भट्ट, गोपीनाथ लोहनी र लक्ष्मीदत्त पन्त तीनैजनाका प्रेमाशक्त श्लोकहरूमा उल्लिखित साझा काव्यनायिका को हुन् ?

(1) चन्द्रवदनी ।
(2) हरिवदनी ।
(3) हैदर ।
(4) सुकेशी ।

**49.** "लाग्दछ म त एउटा योनि हुँ, जसमा इतिहासले वीर्यपात गर्न पनि पैसा तिरिरहेछ । वेश्यामा यदि यो सचेत भावनाको कल्पना गर्न सकिन्छ भने मलाई पार्वती लामिछाने ठाने हुन्छ ।"

– शङ्कर लामिछानेको यस आत्मस्वीकृतिलाई अभि सुवेदीले कस्तो प्रतिक्रिया मानेका छन् ?

(1) विरोधाभास ।
(2) अनुभूतिगम्य ।
(3) हीनभावपीडित ।
(4) उच्छृङ्खल ।

**50.** माइकल ब्रिओलको 'एस्साइ डे सेमान्टिक' ग्रन्थद्वारा सन् १८८३ मा भाषाविज्ञानको कुन विभाग स्थापित भएको मानिन्छ ?

(1) वर्णविज्ञान ।
(2) वाक्यविज्ञान ।
(3) अर्थविज्ञान ।
(4) रूपविज्ञान ।

**51.** तलका समूह 'क' का कृति र समूह 'ख' का कृतिकारहरूको सही क्रम मिलाएर चिह्नित गर्नुहोस् ।

| | **'क'** | | **'ख'** |
|---|---|---|---|
| (क) | गल्लीमा फ्याँकिएका कसिङ्गर | (i) | ज्ञानमणि नेपाल |
| (ख) | वनका फूल | (ii) | बालकृष्ण पोखरेल |
| (ग) | नेपाली भाषा र साहित्य | (iii) | भोलानाथ पौडेल र धनवज्र वज्राचार्य |
| (घ) | पुरानो नेपाली साहित्यको ढुकुटी | (iv) | हर्षनाथ भट्टराई |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iii) | (iv) | (i) |
| (2) | (iii) | (i) | (iv) | (ii) |
| (3) | (iv) | (i) | (ii) | (iii) |
| (4) | (iii) | (iv) | (i) | (ii) |



www.a2zSubjects.com

**52.** ग्रन्थको नाम कविको वा नायकको वा प्रतिनायकको वा कथानकको नामबाट र अवान्तरसर्गको नाम त्यसको विषय लिएर राख्नुपर्दछ भन्ने मान्यता कसले प्रकट गरेका हुन् ?

(1) भामह ।
(2) दण्डी ।
(3) विश्वनाथ ।
(4) वामन ।

"आर्य सम्प्रदायमा मानसशास्त्र भन्ने स्वतन्त्र नामान्तर नदेखिए पनि रसशास्त्र नै मानसशास्त्रको रूपमा खडा छ ।"

**53.** – यस्तो मत कसले प्रकट गरेका हुन् ?

(1) पण्डित कुलचन्द्र गौतम ।
(2) पण्डितराज सोमनाथ सिग्द्याल ।
(3) प्राध्यापक केशवप्रसाद उपाध्याय ।
(4) प्राध्यापक ईश्वर बराल ।

**54.** माथि उद्धृत गरिएको वाक्यमा 'मानसशास्त्र' शब्द कुन अर्थमा प्रयोग गरिएको छ ?

(1) सौन्दर्यशास्त्र ।
(2) समालोचना सिद्धान्त ।
(3) मनोविज्ञान ।
(4) इतिहासशास्त्र ।

**55.** "ऋतु-विचारको नेपाली समाजले यसरी आदर गर्नाको कारण यसको योग्यता मात्र हुनु पर्दैन कि विज्ञ पाठकवर्गको गुणायन्ते दोषा: सुजनवदने भन्ने सूक्तिअनुसारको गुणग्राहीपना पनि हुनुपर्छ ।"
– माथिको विचार कसको हो ?

(1) लेखनाथ पौड्याल ।
(2) सूर्यविक्रम ज्ञवाली ।
(3) ईश्वर बराल ।
(4) वासुदेव त्रिपाठी ।

**56.** ईश्वर बरालले 'साझा समालोचना' – पुस्तकमा वसन्त शर्माको मौलिक कृति 'समुद्रलहरी' को मूल्याङ्कन गर्दै त्यसमा 'पुरानो नेपाली छन्द' प्रयोग भएको उल्लेख गरेका छन् । त्यो कुन छन्द हो ?

(1) सेलो ।
(2) कवित्त ।
(3) सवाई ।
(4) झ्याउरे ।

**57.** रसतत्त्वका रूपमा विभाव कस्तो तत्त्व हो ?

(1) कारण श्रेणीको तत्त्व ।
(2) कार्य श्रेणीको तत्त्व ।
(3) संयोगसूचक तत्त्व ।
(4) वियोगसूचक तत्त्व ।



www.a2zSubjects.com

www.a2zSubjects.com

"मनाक जना मिलिकन एक गाइ मारिया सवै जनाले चौथाई चौथाई गोहत्या व्रत गर्नु ।"

**58.** – माथिको गद्यांश कुन कृतिबाट निकालिएको हो ?

(1) नृपश्लोकी । (2) प्रायश्चित प्रदीप ।
(3) ज्वरोत्पत्ति चिकित्सा । (4) अजीर्ण मञ्जरी ।

**59.** – माथिको गद्यांशमा पाइने 'मनाक' शब्दले कुन अर्थ बुझाएको छ ?

(1) मानिसहरू । (2) मांसाहारी ।
(3) क्रूर । (4) प्रशस्त ।

**60.** तलका मध्ये कुन समूहको कथन सही छ ?

(क) शब्दालङ्कारमा प्राय: समध्वनि वर्ण र असमानार्थी पदहरूको आवृत्तिद्वारा श्रुतिसौन्दर्य उत्पन्न गरिन्छ ।
(ख) समध्वनि वर्णहरूको आवृत्ति अनुप्रास अलङ्कारमा हुँदैन ।
(ग) शब्दालङ्कारमा प्रयुक्त वर्ण, पद वा वाक्य परिवर्तन गरिदिँदा अलङ्कारत्व बिथोलिन्छ ।
(घ) व्युत्पत्ति आदिद्वारा शब्दलाई अलङ्कृत पार्दा शब्दालङ्कार हुन्छ ।

(1) (क), (ख), (घ) ।
(2) (क), (ग), (घ) ।
(3) (ख), (ग), (घ) ।
(4) (क), (ख), (ग) ।

**61.** 'कविता सर्वोत्तम शब्दहरूको सर्वोत्तम क्रमविधान हो ।' – यो भनाइ कसको हो ?

(1) जोसेफ एडिसन । (2) विलियम वड्र्सवर्थ ।
(3) स्यामुएल टेलर कलरिज । (4) म्याथ्यु आर्नोल्ड ।

**62.** एकाङ्कीमा अन्विति अथवा सङ्कलनत्रयअन्तर्गत काल, स्थानसित अन्वय हुनुपर्ने तेस्रो तत्त्व कुन हो ?

(1) पात्र । (2) कार्य ।
(3) प्रकरी । (4) पताका ।

**63.** महिलालेखनको इतिहासमा निम्नलिखित कुन सिद्धान्तशास्त्रीले 'फेमिनिन', 'फेमिनिस्ट' र 'फिमेल' नामक तीनवटा अवस्थाहरूको उल्लेख गरेका छन् ?

(1) केट मिलेट । (2) इलेन सोवाल्टर ।
(3) एड्रियन रिच । (4) तोरिल मोई ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**64.** कोङ्कणी भाषा कुन कुन राज्यमा बोलिन्छ ?

(i) महाराष्ट्र

(ii) तेलेङ्गाना

(iii) गोवा

(iv) तामिल नाडु

(1) (i) र (ii)

(2) (i) र (iii)

(3) (i) र (iv)

(4) (ii) र (iii)

**65.** रोमन लिपिको विकास कुन लिपिबाट भएको हो ?

(1) ग्रिक ।

(2) अरबी ।

(3) हिब्रु ।

(4) हिट्टाइट ।

**66.** स्वभावोक्ति, अत्युक्ति र अन्योन्य कुन वर्गका अलङ्कार हुन् ?

(1) प्रकीर्णक ।

(2) संसर्गमूलक ।

(3) न्यायमूलक ।

(4) उक्तिचातुर्यमूलक ।

**67.** "मसित शान्ति मऱ्यो अब
तिमीसित क्रान्ति बाँचिरहोस्
घृणा, धर्म र प्रेम पाप भएको
यस धरतीलाई जोतेर उल्टाइदेऊ ।"

– उपर्युक्त कथन कसले कसलाई भनेको हो ?

(1) 'मुटुको व्यथा' – मा माधवले कपिलालाई ।

(2) 'चिसो चूल्हो' – मा सन्तेले गौरीलाई ।

(3) 'प्रेमपिण्ड' – मा एडविलले सवितालाई ।

(4) 'अन्धवेग' – मा जयवीरले पम्फालाई ।

**68.** लोक संस्कृति विषयका अन्वेषक कालीभक्त पन्तले खाँडोगीतको मूलथलो कुन स्थानलाई मानेका छन् ?

(1) लाहोर ।

(2) चित्तौड ।

(3) गोर्खा ।

(4) नेपालको कर्णाली प्रदेश ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**69.** भाषाका सन्दर्भमा 'व्युत्पादन' भन्नाले के बुझिन्छ ?

(1) धातु वा प्रातिपदिक आधार पदबाट अर्को रूपायनयोग्य प्रातिपदिक निर्माण गर्ने प्रक्रिया ।

(2) एउटा भाषामा नभएका शब्दहरू उक्त भाषाले अर्को भाषाबाट ग्रहण गर्ने प्रक्रिया ।

(3) कुनै शब्दलाई वाक्यमा प्रयोगयोग्य बनाउने प्रक्रिया ।

(4) शब्द निर्माणका सन्दर्भमा अनेकौँ आधारसँग दोहोरिने प्रक्रिया ।

**70.** काव्यमा नायकको भन्दा प्रतिनायकको वर्णन विशेष हुन गएमा कुन दोष मानिन्छ ?

(1) निर्हेतुता ।
(2) ख्यातिविरुद्धता ।
(3) पतत्प्रकर्षता ।
(4) अङ्गको अतिविस्तार ।

**71.** लेखनाथ पौड्यालका कविताबारे शम्भुप्रसाद ढुङ्ग्यालले लेखेको समालोचनाको शीर्षक के हो ?

(1) कविता रीति ।
(2) कविताको फल ।
(3) कविताको सराजाम ।
(4) कविको धन ।

**72.** संस्कृत नाट्यशास्त्रअनुसार नाटकमा रङ्गशालाको विघ्नशान्तिका लागि सुरुमा गरिने मङ्गल-कीर्तन वा देवस्तुतिलाई के भनिन्छ ?

(1) प्रस्तावना ।
(2) प्ररोचना ।
(3) वस्तूत्थापन ।
(4) नान्दी ।

**73.** कारक व्याकरणअनुसार कारकका मुख्य तह कुन कुन हुन् ?

(1) आन्तरिक र वाह्य ।
(2) सरल र तिर्यक् ।
(3) प्रकार र प्रतिज्ञप्ति ।
(4) प्रधान र गौण ।

**74.** भारतीय नाट्य मान्यताअनुसार नाट्य र नृत्यका आद्याचार्य को हुन् ?

(1) पुरूरवा-उर्वशी ।
(2) भरतमुनि ।
(3) शिव-पार्वती ।
(4) गन्धर्वगण ।

**75.** धर्मराज थापा र हंसपुरे सुवेदीका मतअनुसार भारततिरबाट नेपाल प्रवेश गरेको र हिन्दी-फारसीका शब्दहरू पनि मिसिएको पर्वगीत कुन हो ?

(1) भैलो ।
(2) देउसी ।
(3) भुओगीत ।
(4) मालश्री ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**Space For Rough Work**



www.a2zSubjects.com